# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं, वैशाख २० गते २०३४ साल [ अतिरिक्ताङ्क ८


श्री ५ को सरकार

## गृह पञ्चायत मन्त्रालयको

## सूचना

### स्थानीय पञ्चायत (सदस्य सहवरण) नियमावली, २०३४

स्थानीय पञ्चायत (सदस्य सहवरण) ऐन, २०३३ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "स्थानीय पञ्चायत (सदस्य सहवरण) नियमावली, २०३४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "ऐन" भन्नाले स्थानीय पञ्चायत (सदस्य सहवरण) ऐन, २०३३ सम्झनुपर्छ ।

(ख) "बैठक" भन्नाले ऐनबमोजिम सहवरणको लागि बोलाइएको बैठक सम्झनुपर्छ ।

३. बैठक बोलाउने अधिकारीः कुनै स्थानीय पञ्चायतको रिक्त पदको पूर्ति सहवरणद्वारा गर्नको लागि देहायको पदको निमित्त देहायका पदाधिकारीले बैठक बोलाउनु पर्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।


22

(क) जिल्ला पञ्चायतको सभापति पदमा सहवरण गर्नु परेमा जिल्ला पञ्चायतको उप–सभापति,

(ख) जिल्ला पञ्चायतको उप–सभापति वा सदस्य पदमा सहवरण गर्नु परेमा जिल्ला पञ्चायतको सभापति,

(ग) जिल्ला पञ्चायतको सभापति र उप–सभापति दुवै पदको लागि एकै पटक सहवरण गर्नु परेमा जिल्ला पञ्चायतको सचिव,

(घ) नगर पञ्चायत वा गाउँ पञ्चायतको प्रधानपञ्च पदमा सहवरण गर्नु परेमा नगर पञ्चायत वा गाउँ पञ्चायतको उप–प्रधानपञ्च,

(ङ) नगर पञ्चायत वा गाउँ पञ्चायतको उप–प्रधानपञ्च वा सदस्य पदमा सहवरण गर्नु परेमा नगर पञ्चायत वा गाउँ पञ्चायतको प्रधानपञ्च,

(च) नगर पञ्चायतको प्रधानपञ्च र उप–प्रधानपञ्च दुवै पदको लागि एकै पटक सहवरण गर्नु परेमा नगर पञ्चायतको प्रधानअधिकृत,

(छ) गाउँ पञ्चायतको प्रधानपञ्च र उप–प्रधानपञ्च दुवै पदको लागि एकै पटक सहवरण गर्नु परेमा गाउँ पञ्चायतको सचिव,

तर गाउँ पञ्चायतको सचिवको नियुक्ति भै नसकेको गाउँ पञ्चायतहरूमा गाउँफर्क राष्ट्रिय अभियान गाउँ समितिको अध्यक्षले वा निज नभएमा गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिले तोकेको व्यक्तिले बैठक बोलाउनु पर्नेछ ।

(ज) गाउँ सभा वा नगर सभाको सदस्य पदमा सहवरण गर्नु परेमा सम्बन्धित वडा समितिको अध्यक्ष,

तर वडा समितिको अध्यक्षको पद रिक्त रहेछ भने सम्बन्धि पञ्चायतको प्रधानपञ्चले बैठक बोलाउनु पर्नेछ । प्रधानपञ्च पनि नभएमा उप-प्रधानपञ्चले र सो दुवै नभएमा गाउँ सभाको हकमा गाउँ पञ्चायतको सचिव र नगर सभाको हकमा नगर पञ्चायतको प्रधान-अधिकृतले बैठक बोलाउनु पर्नेछ।

(झ) नगर पञ्चायतबाट जिल्ला सभामा निर्वाचित वा सहवृत्त सदस्य पदमा सहवरण गर्नु परेमा जिल्ला पञ्चायतको सचिव।

४. <u>बैठकको अध्यक्षता गर्ने</u>: (१) जिल्ला पञ्चायतको सचिव, नगर पञ्चायतको प्रधान–अधिकृत र गाउँ पञ्चायतको सचिव बाहेक नियम ३ बमोजिम बैठक बोलाउने पदाधि–कारीले सो बैठकको अध्यक्षता गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) जिल्ला पञ्चायतको सचिव, नगर पञ्चायतको प्रधानअधिकृत र गाउँ पञ्चायतको सचिवले बैठक बोलाएको अवस्थामा सो बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

५. सदस्यहरूलाई बैठकको सूचना दिनेः नियम ३ बमोजिम बैठक बोलाउँदा बैठक बोलाउने पदाधिकारीले बैठक बस्ने स्थान, मिति र समय स्पष्ट तोकी बैठक हुने पन्ध्र दिन अगावै सम्बन्धित सबै सदस्यहरूलाई रितपूर्वकको सूचना दिई सूचना तामेल भएको निस्सा समेत राख्नु पर्नेछ ।

६. गाउँफर्क राष्ट्रिय अभियान समितिलाई सूचना दिनेः सहवरणको लागि बैठक बोलाउने पदाधिकारीले गाउँ पञ्चायत तहको हकमा जिल्ला पञ्चायत र गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिमा र जिल्ला तहको हकमा गाउँफर्क राष्ट्रिय अभियान अंचल समितिमा सो कुराको सूचना दिनु पर्नेछ।

७. सहवरणको सूचना दिनु पर्नेः सहवरण गर्ने कार्य समाप्त भएपछि बैठक बोलाउने पदाधिकारीले गाउँ पञ्चायत वा नगर पञ्चायत तहको भए जिल्ला पञ्चायत र गाउँफर्क राष्ट्रिय अभियान जिल्ला समितिमा र जिल्ला तहको भए गाउँफर्क राष्ट्रिय अभियान अञ्चल समिति र निर्वाचन आयोगमा सो कुराको सूचना दिनु पर्नेछ ।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८